वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ५० २०८३ जेठ २७ गते बुधबार, नेपाल सम्वत् ११४६ June 10, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
भञ्ज्याङ BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दैं गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।
भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
विश्वसनीय र निष्पक्ष | खोजमुलक पत्रकारिता | विचार र विश्लेषण | सूचना र सन्देश प्रवाह



## सडक दुर्घटना न्यूनिकरणका लागि सचेतना

पृथ्वी राजमार्गको तनहुँ खण्डमा पछिल्लो समय सडक दुर्घटनाका घटना बढ्दै गएपनि सडकमै 'सडक सुरक्षा तथा ट्राफिक नियम पालनासम्बन्धी सचेतना मूलक प्रशिक्षण कार्यक्रम' सञ्चालन गर्दै जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँका ट्राफिक प्रहरी । प्रहरीले दुई पाङ्ग्रे सवारी चालकका पछाडि सवारलाई दोहोरो हेल्मेट प्रयोग, नम्बर प्लेट सुधार, राजमार्गमा सवारी गति लगायतका विषयमा सचेत गराइएको थियो । यस्तै, ट्राफिक प्रहरीले दमौली बजारको पार्किङ व्यवस्थापनबारे छलफल तथा सार्वजनिक सवारी साधनमा भाडादर अनुगमन एवं सम्झाइ-बुझाइ कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

*तस्विर : भञ्ज्याङ*

# आहा ! श्रीमञ्ज्याङ लामागाउँ


वासुदेव पौडेल र ऋषिरम बराल

लमजुङको दोर्दी गाउँपालिका-३ स्थित श्रीमञ्ज्याङ लामागाउँ प्रकृति, संस्कृतिसँगै धार्मिक आस्था र विश्वासको अनुपम सङ्गमजस्तै बनेको छ । परम्परागत रूपमा सजिएका गाउँको प्राचीन मौलिकता झल्काउने किसिमका घरसँगै सफा चोक तथा बाटाहरु ढुङ्गाले छपक्क छापिएका छन् । पर्यटकीय राजधानी पोखराबाट डुम्रे, मध्यनेपाल, भोर्लेटार, सुन्दबजार, भोटे ओढार हुँदै बेलघारी पुल तरेर लामाबगर, थापा खेत हुँदै आइपुगिने यो गाउँ पोखराबाट करिब चार घण्टामा पुग्न सकिन्छ ।

विशेषत: बौद्ध धर्मावलम्बीहरूका दुईवटा गुम्बासँगै चारवटा छोर्तेनले यहाँको महिमा र गरिमालाई अझै उँचो बनाएको म्हाँजा नासो तमु समाजका अध्यक्ष इन्द्रजित गुरूङले बताउनुभयो । गाउँको प्राकृतिक सुन्दरतासँगै यहाँको ऐतिहासिक एवं धार्मिक महत्वलाई पर्यटनसँग जोड्का लागि पछिल्लो समयमा आफूहरूले पहल थालेको उहाँले बताउनुभयो ।

गाउँ पर्यटनका माध्यमबाट समृद्धि खोज्नकै लागि यहाँका १२ वटा घरमा घरवास समेत सञ्चालन भैरहेको उहाँले जानकारी दिनुभयो। "हामीले २०७६ सालमा पहिलोपटक गाउँमा सातवटा घरबाट घरवास सुरू गरेका हौं", उहाँले भन्नुभयो, "हाल यहाँका १२ वटा घरमा घरवास सञ्चालन भइरहेको छ । पर्यटकको आगमन पनि विस्तारै बढ्दै गएको छ ।"

पर्यटकको आगमन भएका अवस्थामा हरेक दिन ६० जनासम्म पर्यटक राख्न सकिने उहाँले जानकारी दिनुभयो । पर्यटकीय रूपमा धेरै सम्भावना भएर पनि ओझेलमा परिरहेको यस गाउँको पर्यटकीय विकासका माध्यमबाट पर्यटकहरु भित्र्याउने लक्ष्य राखिएको दोर्दी गाउँपालिका-३ का वडाध्यक्ष कृष्णबहादुर गुरूङले बताउनुभयो ।



गाउँमा आइपुग्नका लागि प्रमुख समस्याका रूपमा बाटो भएको बताउँदै उहाँले यहाँको लामा बगरदेखि थापाखेत, लक्ष्मी मावि हुँदै लामागाउँसम्मको आठ किलोमिटर बाटो तत्काल बनाउनुपर्ने देखिएको बताउनुभयो।

हाडीखोलाबाट लामा बगर हुँदै गाउँपालिकाको कार्यालयसम्म आउने बाटो कालोपत्रे हुने क्रममा रहेको उहाँले बताउनुभयो । यस गाउँलाई अन्नपूर्ण चक्रीय पदमार्गसँगै मनास्लु पदमार्गसँग जोड्न सकिने ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले बताउनुभयो ।

गाउँको पर्यटकीय सम्भावनालाई उजागर गर्नकै लागि यस वर्षको ७६औं अन्नपूर्ण आरोहण दिवस यही गाउँमा मनाइएको उहाँले बताउनुभयो । विभिन्न कारणले पदमार्गहरु हराइरहेका अवस्थामा सरकारले अघि सारेको दोर्दी पदमार्ग उपयुक्त विकल्प हुनसक्ने बताउँदै उहाँले यस पदमार्गलाई 'क्याम्पिङ ट्रेल'का रूपमा पनि विकास गर्न सकिने धारणा राख्नुभयो ।

पछिल्ला समयमा नौथर सेराबाट श्रीमञ्ज्याङ, जोर्ने, इलमपोखरी, लिपेलेक र दाम्राङ हुँदै पुन: नौथर सेरा पुग्ने पाँचदिने पदमार्ग दोर्दी गाउँपालिकाको सहयोगमा टान गण्डकी प्रदेशले प्रवर्द्धन अघि बढाएको छ ।

त्यस्तै लिपेलेकबाट दाम्राङ, नोटाचे, उखण्ड, मेमेपोखरी, कोम्रोडाँडा र बाह्रपोखरी हुँदै हिलेटक्सार पुग्ने १० दिने पदमार्ग तथा पिसहिल हुँदै भुलभुले निस्कने आठदिने पदमार्ग पनि पहिचान गरिएको उहाँले बताउनुभयो ।

यसैगरी गोरखाको बारपाक-सुलिकोट, अजिरकोट, दूधपोखरी, दोर्दी र ठुलागी हुँदै लमजुङको घेर्मुसम्म जोडिने नयाँ पदमार्ग केन्द्रीय टानको सक्रियतामा पहिचान गरिएको छ ।

सन् १९५० जुन ३ मा फ्रान्सेली नागरिक मौरिस हर्जोग र लुई

बाँकी तेश्रो पेजमा

# आत्महत्या रोकथामका लागि संवेदनशील र जिम्मेवार रिपोर्टिङमा जोड

भञ्ज्याङ समाचारदाता/दमौली

"जिम्मेवार पत्रकारिताले आत्महत्या रोकथाममा सहयोग पुग्छ" भन्ने मूल सन्देशसहित मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथामसम्बन्धी संवेदनशील रिपोर्टिङका लागि सञ्चारकर्मी अभिमुखीकरण कार्यक्रम गरिएको छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँले मंगलबार दमौलीमा आयोजना गरेको कार्यक्रममा वक्ताहरूले आत्महत्या सम्बन्धी समाचार सम्प्रेषण गर्दा संवेदनशील, तथ्यपरक र जिम्मेवार पत्रकारिता आवश्यक रहेकोमा जोड दिएका हुन् ।

कार्यक्रममा जनस्वास्थ्य प्रशासक अमर दवाडीले आत्महत्या एक गम्भीर सार्वजनिक स्वास्थ्य समस्या भएको उल्लेख गर्दै यसको समाचार प्रकाशन तथा प्रसारण गर्दा अत्यन्त सावधानी अपनाउनुपर्ने बताए । उनले मानसिक स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि, उपचार तथा परामर्श सेवाको पहुँच विस्तार र रोकथामका उपायबारे जानकारी प्रवाह गर्न सञ्चारमाध्यमको महत्वपूर्ण भूमिका रहने धारणा राखे ।

उनले प्रमाणित तथ्यमा आधारित रिपोर्टिङ गर्नुपर्नेमा जोड




दिँदै अतिरञ्जित वा सनसनीपूर्ण समाचारले समाजमा नकारात्मक प्रभाव पार्न सक्ने बताए । उनले भने, "मानसिक स्वास्थ्यप्रति सकारात्मक सोच विकास गर्दै आत्महत्या रोकथामका लागि सबै पक्षको साझा प्रयास आवश्यक छ।"

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# आत्मनिर्भर र समृद्धका लागि स्वरोजगार

वैदेशिक रोजगारी आजको नेपालको वास्तविकता बन्दै जान थालेको छ । लाखौँ युवाको पसिना र आँसुसँग मिसिएको रेमिट्यान्सले मुलुकको अर्थतन्त्रलाई अहिले पनि ठूलो आधार दिएको छ । तर विडम्बना जति पैसा भित्रिन्छ, त्यति नै फुकेको बत्तीझैँ खर्च भएर बाहिरिन्छ । उपभोगमुखी जीवनशैली, उत्पादनमूलक क्षेत्रमा न्यून लगानी, आयातमा निर्भरता बढ्नु र ग्रामीण अर्थतन्त्रको क्षय- यी सबैले मुलुकको आर्थिक संरचनामा नकरात्मक प्रभाव पार्दै लगेका छन् । अर्कोतिर, संघीय शासन प्रणालीले स्थानीय तहलाई जनताको घरदैलोमै सरकारको रूपमा स्थापित गरे पनि युवालाई स्वदेशमै सम्हाल्ने, उभ्याउने, रोजगारी सिर्जना गर्ने दिशा अझै बलियोसँग अघि बढ्न सकेको छैन । यही चुनौतीले आजको राष्ट्रिय बहसको केन्द्रबिन्दु 'युवालाई कसरी स्वदेशमै स्वरोजगार बनाउन सकिन्छ' भनेर औंला उठाइरहेको छ । नेपालमा अहिलेको प्रमुख सामाजिक-आर्थिक चुनौती बेरोजगारी मात्र होइन, 'शैक्षिक बेरोजगारी' हो । पढे-लेखेका युवाको ठूलो जमात अवसर अभावका कारण दिशाविहीन बनेका छन् । 'पढेर के गर्ने, जागिर पाइँदैन', 'खेतीपाती गरूँ भने जग्गा छैन, भए पनि सीप छैन', 'उत्पादन गर्‍यौँ भने बजार छैन'- यस्ता कथनहरु अहिलेका युवाको यथार्थ कथा हुन् । कतिपय त राजधानीदेखि गाउँसम्म जागिरको खोजीमा वर्षौं धाइरहन्छन्, तर न काम पाउँछन् नै उचित मार्गदर्शन । यही अवस्थाले गर्दा गाउँघर युवा विहिन बन्दै गइरहेका छन् । उर्वर भूमि बाँझो छ। विकासका काममा श्रमिक अभाव छ । घरमा आमा-बुबा एक्लिने, भविष्यको पिँढी जन्मस्थलसँग टाढिँदै जाने स्थिति दिनदिनै गहिरिँदै छ । त्यसैले अहिलेको आवश्यकता के हो भने- युवालाई समस्या बताउने होइन, समाधानतर्फ डोर्‍याउने नेतृत्व । र त्यो नेतृत्वको पहिलो ढोका स्थानीय सरकार नै हो । नयाँ आर्थिक वर्षका नीति तथा कार्यक्रम तयारीको बेलामा स्थानीय तहदेखि संघसम्मका सबै सरकारका प्राथमिकतामा युवाको स्वरोजगार हुनु अपरिहार्य छ ।

स्थानीय सरकारले युवाको अवस्था पहिचान गरी रोजगारी-केन्द्रित योजना ल्याउनु आवश्यक छ । पहिलो- शैक्षिक बेरोजगार युवालाई प्रतिष्पर्धात्मक परीक्षामा सफल गराउन लोक सेवा तथा अन्य सेवा आयोग तयारी कक्षा सञ्चालन गर्न सकिन्छ। अहिले काठमाडौँ धाउनैपर्ने बाध्यता हटेमा धेरैलाई सहज हुने थियो । युवाले उचित मार्गदर्शन पाए भने सेवा आयोगमा सफलता हासिल गर्ने सम्भावना ठूलो हुन्छ । दोस्रो- धेरै युवाले उद्यम गर्न चाहन्छन्, तर आवश्यक सीप, तालिम र प्रारम्भिक लगानी अभाव हुन्छ । स्थानीय सरकारले उद्यमशीलता तालिम, सीप विकास कार्यक्रम, अनुदान तथा सहुलियत ऋणको सुव्यवस्थित व्यवस्था गर्नुपर्छ। कृषि, पशुपालन, टनेल खेती, मत्स्यपालन, हस्तकला, पर्यटन-आधारित व्यवसायजस्ता क्षेत्रमा युवालाई सशक्त बनाउने खालका कार्यक्रम तत्काल लागू गर्नुपर्ने आवश्यकता छ । तेस्रो- जग्गा नभएका युवाका लागि स्थानीय सरकार स्वयं सेतु बन्न सक्छ। जग्गाधनीसँग सहकार्य गरी प्रयोजनका लागि भाडामा जग्गा उपलब्ध गराउने, आधुनिक कृषि तालिम, औजार, मल-बिउ, औषधि उपलब्ध गराउने व्यवस्था मिलाउन सकिन्छ । उत्पादनलाई बजारसँग जोड्ने काम पनि स्थानीय सरकारको महत्वपूर्ण भूमिका हो । चौथो- विदेश जानै खोज्ने युवालाई रोक्न सकिँदैन, तर विदेश जान खर्च हुने रकम मातृभूमिमै लगानी गर्न सक्ने वातावरण बन्न सके ठूलो परिवर्तन संभव छ । विदेश जाने खर्चलाई स्वरोजगारका लागि परिचालन गर्ने कार्यक्रम प्रभावकारी बन्न सक्छ । सबैभन्दा महत्वपूर्ण कुरा- रोजगारी सिर्जनामा निष्पक्षता । जागिर, करार सेवा, परियोजना-आधारित कामहरूमा 'स्रोत-सम्पर्क' र 'नाता-कुटुम्ब'को चलनले युवाको मनोबल तोडिरहन्छ । स्थानीय सरकारले निष्पक्षता कायम गर्‍यो भने मात्र युवालाई आफ्नो भविष्य यहीँ छ भन्ने विश्वास जगाउन सकिन्छ ।

नेपालका युवालाई विदेश जान मन लागेर गएको होइन- अवसर नदेखेर, मार्गदर्शन नपाएर, असमानताको पीडा सहेर विदेशिने बाध्यता बनको हो । यदि स्थानीय सरकार, प्रदेश र संघीय सरकार तीनै तहले मिलेर स्वरोजगारमुखी नीति बनाइरहे- सीप, तालिम, सहुलियत ऋण, बजार सुनिश्चितता र पारदर्शिता लागू गरे युवाले स्वदेशमै भविष्य खोज्नेछन् । समृद्धिको बाटो रेमिट्यान्सले होइन, स्वदेशमा उत्पादन र युवाको सीपले खोलिन्छ । युवालाई पढाइ, सीप, अवसर र सम्मान- यी चार आधार उपलब्ध गराउने काम सरकारले आफ्नो प्राथमिकतामा राख्नैपर्छ । आज युवालाई स्वदेशमै स्वरोजगार बनाउने कार्य केवल कार्यक्रम होइन- मुलुकलाई समृद्ध बनाउने मूल चाबी हो । सरकार र युवा दुवै सचेत बन्नुपर्ने, हातेमालो गर्नुपर्ने समय यही हो । यदि हामीले युवालाई रोक्यौँ, बोल्यौँ र उभ्यायौँ भने नेपाल केही वर्षमै आत्मनिर्भर र समृद्ध अर्थतन्त्रको दिशामा दृढ कदम चाल्न सक्षम हुनेछ ।

# अदूरदर्शिता र मनोमानीले देश अकल्पनीय घुम्तीमा पुग्न सक्छ

कुनै पनि देशभक्त नागरिकले राष्ट्रियता, गणतन्त्र र जनजीविकाको पक्षमा निरन्तर आवाज उठाउनुपर्छ। सत्ता पक्ष होस् वा प्रतिपक्ष, गलत कार्यप्रति खबरदारी र सही कार्यप्रति समर्थन आवश्यक हुन्छ। हामीले सधैँ "हाम्रो होइन, राम्रो" को पक्षमा वकालत गर्दै आएका छौं। देश र जनताको हितमा जुनसुकै शक्ति वा दलले आवाज उठाए पनि त्यो आम नागरिककै आवाज हो, र त्यस्तो आवाजको समर्थन गरिनुपर्छ।

तर पछिल्लो समय काठमाडौं महानगर प्रमुख बालेन शाह नेतृत्वको कार्यशैलीलाई लिएर विभिन्न प्रश्न उठ्न थालेका छन्। कतिपय निर्णय र अभिव्यक्तिले देशलाई अनावश्यक द्वन्द्व र अस्थिरतातर्फ धकेल्न सक्ने खतरा देखिएको छ। सरकार वा नेतृत्वले विदेशी हस्तक्षेपविरूद्ध आवाज उठाउनु सकारात्मक कुरा हो, तर त्यसका लागि सर्वप्रथम देशभित्र राष्ट्रिय एकता र जनविश्वास निर्माण गर्न आवश्यक हुन्छ। दुर्भाग्यवश, अहिलेका गतिविधिले त्यसको ठीक उल्टो संकेत गरिरहेका छन्।

राजनीतिक दलका संरचना हटाउने, ठूलो बहुमतसहित उदाएको राजनीतिक शक्ति केही वर्षमै कमजोर बन्न पुगेको थियो। अत्यधिक आक्रामकता, प्रतिशोध र विरोधी विचारमाथिको असहिष्णुताले दीर्घकालीन सफलता दिँदैन।

पश्चिम बंगालमा बीजेपीको प्रभाव बढेपछि लेनिनका शालिक ढाल्ने, पुस्तक जलाउने र कम्युनिस्ट विचारधारा समाप्त पार्ने प्रयास भएका थिए। तर इतिहासले प्रमाणित गरिसकेको छ- कुनै पनि विचारलाई बल प्रयोगले समाप्त गर्न सकिँदैन। बरू दमनले विचारलाई अझ बलियो बनाउन सक्छ। अहिले नेपालमा पनि त्यस्तै शैली दोहोरिन खोजिएको अनुभूति हुन थालेको छ।

अवैध संरचना हटाउनुपर्छ, सार्वजनिक भूमि संरक्षण हुनुपर्छ- यसमा कुनै विवाद छैन। तर त्यसलाई कानुनी प्रक्रिया, मानवीय संवेदनशीलता र दीर्घकालीन व्यवस्थापन योजनासहित अघि बढाइनुपर्थ्यो। यदि भूमिहीन र सुकुम्बासीलाई वैकल्पिक व्यवस्थापनबिना विस्थापित गरिन्छ भने त्यसले सामाजिक असन्तोष र मानवीय संकट निम्त्याउँछ। अहिले धेरै नागरिक त्रास र असुरक्षाको अवस्थामा पुगेका छन्।

आवेगका आधारमा गरिने निर्णयले दीर्घकालीन संकट निम्त्याउन सक्छ। विगतमा केपी शर्मा ओली नेतृत्वको सरकारप्रति जनविश्वास कमजोर हुनु र वाम शक्तिमा विभाजन आउनुका कारणमध्ये मनोमानी शैली पनि एक थियो। इतिहासबाट पाठ सिक्न नसकिए त्यसको पुनरावृत्ति हुन सक्छ।

अहिले बालेन नेतृत्व एकातिर राजनीतिक दलसँग टकरावमा छ भने अर्कोतिर गरिब, भूमिहीन र सुकुम्बासी समुदाय पनि असन्तुष्ट देखिन्छ। यस्तो अवस्थामा सरकारको धरातल कमजोर बन्न सक्छ। यदि विभिन्न राजनीतिक शक्तिहरु एकजुट भएर स्वतन्त्र शक्तिलाई कमजोर पार्ने रणनीतिमा लागे भने बालेनका केही सकारात्मक उद्देश्यसमेत असफल हुन सक्छन्।

गरिब नागरिकमाथि कठोरता देखाइँदा, तर शक्तिशाली र पहुँचवालालाई संरक्षण गरिएको अनुभूति हुँदा जनतामा असन्तोष बढ्नु स्वाभाविक हो। हिजो लालपुर्जाको आशा बोकेका सुकुम्बासी आज पुनः विस्थापनको पीडामा छन्। यही अवस्था रहिरहे देश थप सामाजिक संकटतर्फ धकेलिन सक्छ।



नेपालले विगतमा भारतको आर्थिक नाकाबन्दी जस्ता कठिन परिस्थिति भोगिसकेको छ। त्यसैले छिमेकी मुलुकसंग सम्बन्धित विषयमा बोल्दा अत्यन्त संयम र रणनीतिक सोच आवश्यक हुन्छ। इतिहासले देखाएको छ- नेपाल कमजोर हुँदा बाह्य दबाब बढ्ने गरेको छ।

सुरेशकुमार पाण्डे

सत्ता र शक्तिको चरित्र प्रायः यस्तै हुन्छ- गरिबका घर छानीछानी भत्काइन्छन्, तर शक्तिशालीका संरचना जोगाइन्छन्। अदालत, प्रशासन र सत्ता सबै सरकारकै पक्षमा उभिएको अनुभूति आम नागरिकमा बढ्दै गएको छ। गरिब, श्रमिक र सुकुम्बासीको आवाज सुन्ने निकाय कमजोर देखिन थालेका छन्।

आज गणतन्त्र स्थापना भएको वर्षौं बितिसकेको छ। तर प्रश्न अझै बाँकी छ- यो व्यवस्था कसका लागि? शक्तिशालीका लागि छुट र कमजोरका लागि कठोरता मात्र हुने हो भने जनतामा निराशा बढ्नु स्वाभाविक हो। हालै छानबिन आयोगले सरकार पक्षसँग निकट करिब १५ जनामाथि अनुसन्धान आवश्यक रहेको प्रतिवेदन सरकारलाई बुझाएको चर्चा छ। अब प्रश्न उठ्छ- के सरकारले आफ्नै पक्षका व्यक्तिमाथि निष्पक्ष कारबाही गर्ने साहस देखाउँछ? जनताको ध्यान अहिले यही विषयमा केन्द्रित छ। यदि समयमै गम्भीर समीक्षा गरिएन भने भविष्यमा पछुताउनुबाहेक अर्को विकल्प बाँकी रहने छैन।

सुकुम्बासी बस्तीमा डोजर चलाउने तथा कठोर प्रशासनिक शैली अपनाउने कार्यले समाजमा असन्तोष बढाएको छ। यस्ता गतिविधिले विदेशी शक्तिलाई नेपाली समाजभित्र विभाजन सिर्जना गर्ने अवसर दिन सक्छ। कालापानीजस्ता संवेदनशील राष्ट्रिय मुद्दामा व्यक्त गरिएका केही अभिव्यक्तिले पनि अनावश्यक विवाद जन्माएका छन्। राष्ट्रिय हितका विषयमा बोल्दा अत्यन्त सावधानी, कूटनीतिक परिपक्वता र दूरदृष्टि आवश्यक हुन्छ।

विडम्बना के छ भने, सरकार वा नेतृत्वसँग निकट केही व्यक्तिमाथि नै भ्रष्टाचार, ऐलानी जग्गा अतिक्रमण तथा अनियमितताका आरोप लागिरहेका छन्। तर उनीहरूमाथि कारबाहीको गति सुस्त देखिन्छ, जबकि गरिब र भूमिहीनमाथि कठोरता अपनाइएको छ। सुकुम्बासी बस्ती हटाउने क्रममा मानवीय क्षतिसमेत भएको घटनाले सरकारको संवेदनशीलतामाथि प्रश्न उठाएको छ। दुईतिहाइको हाराहारीमा जनसमर्थन पाएको शक्ति पनि यदि जनभावना बुझ्न असफल भयो भने कमजोर र अस्थिर बन्न सक्छ।

मैले विगतका लेखहरूमा पनि बालेन नेतृत्वले भारतको बीजेपी शैलीको आक्रामक राजनीतिक अभ्यासको प्रभाव झल्काउने प्रयास गरिरहेको उल्लेख गरेको थिएँ। इतिहासले देखाउँछ- सन् १९७७ मा

सरकारले संवैधानिक निकाय, ट्रेड युनियन र सञ्चारमाध्यममाथि समेत दबाब सिर्जना गरिरहेको आरोप लागिरहेका छन्। प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउने कुनै पनि प्रयास लोकतन्त्रका लागि घातक हुन्छ। लोकतन्त्रमा आलोचना सुन्ने संस्कार हुनुपर्छ, दबाउने होइन।

नेपालजस्तो मुलुकमा संरचना भत्काउनुभन्दा भूमिहीनलाई "जसको जोत, उसको पोत" को आधारमा भूमि उपलब्ध गराउने, रोजगारी सिर्जना गर्ने र युवाको विदेश पलायन रोक्ने नीति आवश्यक छ। विदेशी अतिक्रमणविरूद्ध राष्ट्रिय एकता कायम गर्दै अन्तर्राष्ट्रिय स्तरमा सशक्त आवाज उठाउनु आजको आवश्यकता हो। तर अहिलेको अवस्थाले धेरै सुकुम्बासीलाई पुनः घरविहीन बनाएको छ। यसले सरकारको दूरदृष्टिमाथि प्रश्न खडा गरेको छ।

नेपालले विगतमा भारतको आर्थिक नाकाबन्दी जस्ता कठिन परिस्थिति भोगिसकेको छ। त्यसैले छिमेकी मुलुकसँग सम्बन्धित विषयमा बोल्दा अत्यन्त संयम र रणनीतिक सोच आवश्यक हुन्छ। इतिहासले देखाएको छ- नेपाल कमजोर हुँदा बाह्य दबाब बढ्ने गरेको छ।

संघर्ष गर्नुपर्छ, तर जित सुनिश्चित हुने रणनीतिसहित। व्यक्तिगत जिद्दी वा

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवी लामिछानेलाई भारत भ्रमणका क्रममा भव्य स्वागत गरिएको चर्चा चलिरहेको छ। उनका समर्थकहरु यसलाई उपलब्धिका रूपमा व्याख्या गरिरहेका छन्। तर इतिहासले देखाएको छ- छिमेकी राष्ट्रहरूले आफ्नो स्वार्थअनुसार सम्मान र समर्थन दिने गर्छन्। कुनै समय सिक्किमका नेता ल्हेन्डुप दोर्जीलाई पनि विशेष सम्मान दिइएको चर्चा हुने गरेको थियो। त्यसैले बाह्य सम्मानलाई मात्र उपलब्धि ठान्नु पर्याप्त हुँदैन; राष्ट्रिय हित र दीर्घकालीन परिणामलाई पनि समान रूपमा मूल्यांकन गर्नुपर्छ ।

## तपाईको आज

| मेष | वृष | मिथुन | कर्कट | सिंह | कन्य |
|---|---|---|---|---|---|
| नयाँ योजना सुरू गर्न सकिने संकेत देखिन्छ। आफन्त तथा साथीभाइबाट सहयोग मिल्नेछ। | खर्च बढ्ने, आर्थिक विषयमा सावधानी अपनाउनु राम्रो हुन्छ। काममा धैर्य आवश्यक पर्न सक्छ। | सामाजिक गतिविधिमा सहभागिता बढ्ने देखिन्छ। नयाँ अवसर प्राप्त हुन सक्छ। | परिश्रमअनुसार फल प्राप्त हुने संकेत छ। वरिष्ठ व्यक्तिहरूबाट प्रशंसा प्राप्त हुन सक्छ। | आज यात्राको योग देखिन्छ। धार्मिक वा सामाजिक कार्यमा संलग्न हुने अवसर मिल्न सक्छ। | स्वास्थ्यप्रति सजग रहनु राम्रो हुनेछ। आर्थिक विषयमा सोचविचार गरेर निर्णय लिनु आवश्यक छ। |
| **तुला** | **वृश्चिक** | **धनु** | **मकर** | **कुम्भ** | **मीन** |
| वैवाहिक जीवनमा समझदारी बढ्ने देखिन्छ। व्यापार तथा पेशागत क्षेत्रमा राम्रो अवसर आउन सक्छ। | प्रतिस्पर्धात्मक क्षेत्रमा सफलता मिल्ने सम्भावना छ। काममा लगनशीलता देखाए राम्रो परिणाम प्राप्त हुनेछ। | अध्ययन, कला र मनोरञ्जनका क्षेत्रमा प्रगति देखिन्छ। प्रेम सम्बन्धमा मधुरता आउन सक्छ। | पारिवारिक विषयमा ध्यान दिनुपर्ने दिन छ। घरायसी काममा व्यस्तता बढ्न सक्छ। सम्पत्तिमा लाभ मिल्ने संकेत छ। | संचार र भेटघाटको दिन बन्न सक्छ। छोटो यात्रा हुने सम्भावना छ। नयाँ जानकारी तथा अनुभव प्राप्त हुने देखिन्छ। | आर्थिक पक्षमा सुधार हुने संकेत छ। बोल्ने शैली प्रभावकारी हुने भएकाले काम बन्ने सम्भावना छ। |



**मह निकाल्दै कृषक** : दाङको घोराही उपमहानगरपालिका-२ स्थित ठाटीखोलाका कृषक मनिराम पुन परम्परागत लोकल मौरीको घारबाट मह निकाल्दै। उहाँले उत्पादन गरेको मह घरबाटै प्रतिकिलो रू एक हजारदेखि रू एक हजार पाँच सयसम्ममा बिक्री हुने गरेको छ ।

*तस्बिरः कुलदीप न्यौपाने/रासस*

# मुस्ताङ भन्सारबाट छ अर्ब ६६ करोड बढी राजस्व संकलन

रासस/मुस्ताङ

यहाँको उपल्लो मुस्ताङस्थित लोमान्थाङ-१ न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयले पछिल्लो जेठ १६ गतेसम्म रू छ अर्ब ६६ करोड २६ लाख राजस्व सङ्कलन गरेको छ । गत ३१ भदौदेखि पूर्ण रूपमा सञ्चालनमा आएको (नेपाल-चीन) उत्तरी कोरलानाकाबाट गत भदौदेखि यता निकासी तथा पैठारीबापत उक्त परिमाणमा भन्सार राजस्व सङ्कलन भएको हो ।

नेपाल-चीन उत्तरी कोरला नाका हुँदै चीनबाट नेपाल पैठारी गरिएका मालवस्तुबाट रू १३ अर्ब ८७ करोड ७८ लाख भन्सार राजस्व सङ्कलन भएको भन्सार प्रमुख विदुर चुँडालले जानकारी दिनुभयो । उहाँका अनुसार चीनबाट कोरला नाका हुँदै नेपाल पैठारी गरिएका विद्युतीय सवारी (इभी) गाडीलगायत चाडपर्व लक्षित लत्ताकपडा, कस्मेटिक सामान, इलेक्ट्रोनिक सामानलगायत सामानको पैठारीबापत उक्त भन्सार राजस्व सङ्कलन भएको भन्सार प्रमुख चुँडालले उल्लेख गर्नुभयो।

यसैगरी, नेपालबाट कोरला नाका हुँदै चीनतर्फ निकासी गरिएका मालवस्तुबाट रू २० करोड ५५ लाख ७४ हजार भन्सार राजस्व सङ्कलन भएको प्रमुख चूँडालको भनाइ छ । नेपालबाट हस्तकलाका सामान र नेपाली उत्पादनलगायत सामग्री चीनतर्फ निकासी भएको हो । नेपाल-चीन उत्तरी कोरला नाकाबाट गत भदौदेखि १६ जेठसम्म दुई हजार ९९७ वटा विद्युतीय सवारीसाधन नेपाल भित्रिएको मुस्ताङ भन्सार कार्यालयले जनाएको छ ।

चीनबाट कोरला नाका हुँदै भन्सार जाँचपास भई नेपाल भित्रिएका विद्युतीय सवारी (इभी) गाडीको पैठारीबापत रू छ अर्ब ७६ करोड दुई लाख भन्सार राजस्व संकलन भएको हो । पछिल्लो समय गत जेठको दोस्रो साता चीनबाट कोरला नाका हुँदै नेपाल भित्रिएका विद्युतीय सवारीसाधनको पैठारी प्रक्रिया विवादमा परेको छ। कोरला नाकाबाट नेपाल भित्रिएका ६४९ वटा विद्युतीय सवारीसाधनको भन्सार जाँचपास भइसकेको जनाइ पनि सरकारले यसलाई अनुसन्धानको घेरामा तानेको हो ।

सरकारले कोरला नाकाबाट भित्रिएका विद्युतीय सवारीसाधनको पैठारी प्रक्रियामा कैफियत रहे/नरहेको यकीन गर्न तीन सदस्यीय छानविन समिति गठन गरेको छ । उक्त समितिले कास्कीको हेमजा, पर्वतको कुश्मा, मुस्ताङको जोमसोम र कोरला नाकामा सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको विद्युतीय सवारीसाधनको अनुगमन गर्ने कार्यसम्पन्न गरिसकेको छ।

## आत्महत्या रोकथामका ....

उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले आत्महत्या सम्बन्धी घटनाको समाचार सम्प्रेषण गर्दा पत्रकारले अत्यन्त जिम्मेवार र संवेदनशील ढङ्ग अपनाउनुपर्ने बताए । उनले तथ्यपरक र सचेतनामूलक पत्रकारिताले आत्महत्या नियन्त्रण तथा रोकथामका प्रयासलाई प्रभावकारी बनाउन सहयोग पुग्ने उल्लेख गरे ।

अभिमुखीकरण कार्यक्रममा सञ्चार क्षेत्रले प्राथमिकता दिनुपर्ने विषयहरूमा मानसिक स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि, उपचार तथा परामर्श सेवाबारे जानकारी, जोखिम संकेतहरूको पहिचान, सरकारी तथा गैरसरकारी निकायका रोकथाम कार्यक्रम तथा सकारात्मक र प्रेरणादायी सामग्री प्रवर्द्धन समावेश गर्नुपर्ने सुझाव दिइएको थियो ।

त्यस्तै, अत्यन्त संवेदनशील रूपमा रिपोर्टिङ गर्नुपर्ने विषयहरूमा आत्महत्यासम्बन्धी घटनाको विस्तृत विवरण, प्रयोग विधिको वर्णन, सनसनीपूर्ण शीर्षक, पीडित वा परिवारको पहिचान खुल्ने सामग्री तथा अपुष्ट सूचना वा अफवाह पर्ने भएकाले यस्ता विषयमा विशेष सावधानी अपनाउन उनले आग्रह गरे ।

कार्यक्रममा सहभागी सञ्चारकर्मीहरूलाई मर्यादित भाषा प्रयोग, गोपनीयता संरक्षण र जिम्मेवार सम्पादन अभ्यास अपनाउनुपर्नेमा समेत जोड दिइएको थियो । आत्महत्या न्यूनीकरणका लागि सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण भएकाले यस्ता अभिमुखीकरण कार्यक्रम निरन्तर सञ्चालन गरिने प्रदेश जनस्वास्थ्य कार्यालय दमौली तनहुँले जनाएको छ ।

## आहा ! श्रीमञ्ज्याङ ..........

लासेनालले विश्वमै आठ हजार मिटरभन्दा अग्ला हिमालमध्येको अन्नपूर्ण प्रथम हिमाल आरोहण गरेको दिनका रूपमा अन्नपूर्ण आरोहण दिवस मनाउने गरिन्छ । यस वर्ष विभिन्न कार्यक्रमका साथ यही गाउँमा अन्नपूर्ण आरोहण दिवस मनाइएको अध्यक्ष आचार्यले जानकारी दिनुभयो ।

अन्नपूर्ण प्रथमको सफल आरोहण गरेपछि मात्रै विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण भएका कारण अन्नपूर्ण हिमाललाई आरोहणको जेठो हिमालका रूपमा लिने गरिन्छ ।

धेरै पर्यटकीय सम्भावना भएर पनि उजागर हुन नसकेका अवस्थामा बसाइँसराइको चपेटामा परिरहेको यस गाउँमा पर्यटनका माध्यमबाट पुनः गाउँ भरिभराउ गराउने लक्ष्य राखिएको छ ।

गाउँको सिरानमा पर्यटकलाई लक्षित गरी भ्यु टावर निर्माण गरिएको मौलिकोट अर्गानिक एग्रो फर्मका व्यवस्थापक रञ्जित चौधरीले जानकारी दिनुभयो ।

श्रीमञ्ज्याङ लामागाउँमा आएका पर्यटक एग्रो फर्मअन्तर्गत रहेको चियाबारीमा पनि रमाउने गरेको उहाँले जानकारी दिनुभयो। करिब १४ रोपनी क्षेत्रफलमा सात वर्षयता चियाखेती सञ्चालन भइरहेको उहाँले जानकारी दिनुभयो। लमजुङको बैँसीसहरबाट करिब दुई घण्टामा सवारीसाधनमार्फत यस गाउँमा आउने सकिने बताउँदै उहाँले पछिल्ला समयमा पर्यटक आउने गरेको बताउनुभयो ।

गाउँ आसपासमा रहेका मौलाकोट, भ्यूटावर, देवीस्थान मन्दिर, स्याङगे छ्योलिङ बौद्ध गुम्बा, आइलभ मन्जाङ, लवम छोर्तेन, पेबोङ् छोर्त्न, रि छोर्तेन, फुर्ब सन्दुप ढोनाक छ्योलिङ गुम्बा, भ्याङ्सुक छोर्तेन आदिले गाउँको धार्मिक एवं सांस्कृतिक महत्वलाई थप उजागर गरेको वडाध्यक्ष गुरूङको भनाइ छ । गाउँ पर्यटनको विकासका माध्यमबाट पर्यटकको आगमन बढाउँदै आर्थिक समृद्धि हाँसिल गर्ने दीर्घकालीन लक्ष्य राखिएको उहाँले बताउनुभयो । रासस

## भिमाद बचत तथा ऋण सहकारी संस्था लि.

भिमाद नगरपालिका-६, रत्नचोक, तनहुँ

### गैह्र बैकिङ सम्पती बिक्री सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/२७ गते**

यस संस्थाको नाममा रहेको तपशिलमा उल्लेखित गैह्र बैंकिङ सम्पत्ती हाल जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा बिक्री गरिने भएको हुँदा खरिद गरी लिन ईच्छुक व्यक्ति वा संघ/संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ (२०८३ असार ३० गते) दिन भित्र यस संस्थाको कार्यालयमा आइपुग्ने गरी शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**बिक्री गरिने गैह्र बैकिङ सम्पत्तीको विवरण**

| क्र.सं. | जग्गा धनिको नाम थर | ठेगाना | धितोको विवरण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | तनहुँ जिल्ला भगवतिपुर १/ढ को | | |
| | | | कित्ता नं. | क्षेत्रफल | |
| १ | भिमाद बचत तथा ऋण सहकारी संस्था लि. | भिमाद न.पा.-६, रत्नचोक, तनहुँ | ४४८ | २-१५-१-३ | |
| | | | ४४९ | २-१५-१-३ | |

**शर्त तथा बन्देजहरू :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थाको कार्यालयमा कार्यालय समय भित्र बुझाउनु पर्नेछ । सो दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बुझाउनु पर्नेछ ।
२) बोलपत्रदाताको हस्ताक्षर सहित शिलबन्दी गरी खाममा बाहिरपट्टी जग्गा बिक्रीको बोलपत्र भनी स्पष्ट रूपमा लेखिएको हुनुपर्नेछ साथै बोलपत्रवालाको नाम र मोबाईल नं. स्पष्ट खुल्ने गरी लेखिएको हुनुपर्नेछ ।
३) यो सूचना प्रकाशित भएको मितिले ३६औं दिनमा दिउँसो १:०० बजे यस संस्थाको कार्यालयमा बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि र विभिन्न सरकारी कार्यालयका प्रतिनिधिहरूको रोहवरमा बोलपत्र खोलिनेछ । साथै सो दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन उल्लेखित समयमा बोलपत्र खोलिनेछ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा परेको मानिनेछैन ।
४) म्याद नाघी वा रित नपुगी आएका तथा कुनै शर्त समावेश गरी पेश गरेको बोलपत्र उपर कुनै कारवाही गरिनेछैन ।
५) गोप्य शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित हुनेछ ।
६) उल्लेखित जग्गाको बारेमा थप जानकारी लिन चाहेमा संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।**

**स्वास्थ्य कार्यकर्ता:** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।

**आमा:** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।

**स्वास्थ्य कार्यकर्ता:** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्ककै चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?

**आमा:** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउनै भ्याइदैन ।

**स्वास्थ्य कार्यकर्ता:** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पर्‍यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुऱ्याउँछ ।

**आमा:** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
www.bhanjyangnews.com

## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**असार ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**चैत्र ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



**विराट शालिग्राम :** मुस्ताङको सदरमुकाम जोमसोम बजार नजिकै कालिगण्डकी नदीको काखमा सुतेको विराट शालिग्राम । विश्वकै सबैभन्दा ठूलो शालिग्राम भएको दाबी गरिएको यो अदभूत शिलाले श्रद्धा, इतिहास र प्रकृतिको संगमलाई एकै स्वरमा गाइरहेको आभास हुन्छ ।
*तस्विर : विष्णु पौडेल 'निरिस'/भञ्ज्याङ*

# छानबिन प्रतिवेदन र सुधनको पुनरागमनले स्थापित गरेका चार गलत नजिर

**शंकर अर्याल**/काठमाडौं

सुधन गुरूङ फेरि गृह मन्त्रालयमा फर्किएका छन् । बिचौलिया दीपक भट्टसँग व्यावसायिक सम्बन्ध भएको, स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको र सम्पत्ति विवरणमा झुटो विवरण बुझाएको आरोपपछि उनले राजीनामा दिएका थिए ।

राजीनामासँगै उनीमाथि लागेका आरोपहरूको छानबिन गर्न उच्च अदालतका पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारीको संयोजकत्वमा छानबिन समिति गठन गरिएको थियो। उक्त समितिले प्रतिवेदन बुझाएसँगै उनलाई पुनर्नियुक्ति दिलाइएको हो । यद्यपि उक्त प्रतिवेदनमा के छ भन्ने विषयमा आधिकारिक कुनै जानकारी आएको छैन । त्यस्तै जेनजी आन्दोलन र त्यस क्रममा घटनाक्रममा मानवअधिकार आयोगले समेत गुरूङलाई दोषी ठहर गरेको थियो ।

गुरूङले आइतबार नै आफू फेरि गृहमन्त्री हुनसक्ने संकेत गरिसकेका थिए । गोरखामा भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जिल्ला अधिवेशनका क्रममा 'फेरि गृहमन्त्री बने दुई महिना भेट्न नआउनु' भन्दै उनले आफू फेरि नियुक्त हुनसक्ने बताएका थिए । त्यसको दुई दिनपछि उनको कमब्याक भएको हो ।

तर, सुधनको कमब्याक विवादरहित भने छैन । यो पुनर्नियुक्तिले खासगरी चार वटा गलत नजिर स्थापित गर्ने अवस्था देखिन्छ, सुशासनको जगमा बनेको सरकारलाई यो कदम उत्तिकै भारी पर्न पनि सक्छ ।

**नजिर १: छानबिन समितिलाई 'वासिङ मेसिन' बनाउने प्रवृत्तिको निरन्तरता**

कुनै शक्तिशाली व्यक्तिमाथि भ्रष्टाचार, अनियमितता वा अख्तियार दुरूपयोगको गम्भीर आरोप लाग्छ, त्यसमाथि छानबिन गर्न समितिको माग हुन्छ । तर, यसरी बन्ने समितिलाई उनीहरूलाई चोख्याउने 'वासिङ मेसिन'का रूपमा प्रयोग गर्ने गरेका प्रशस्त उदाहरण छन् ।

यस्ता समिति कहिले संसदीय समिति बन्ने गरेका छन् त कतिपय अवस्थामा सरकारले नै न्यायिक समिति गठन गर्ने गरेको छ । तर, त्यस्तो व्यक्ति दोषी सावित हुँदा सरकारलाई अप्ठ्यारो पर्ने र सरकारले नै समिति गठन गर्ने भएकाले समितिले अक्सर त्यस्तो व्यक्तिलाई दोषी देखाउँदैन ।

अहिलेको सन्दर्भमा पनि त्यस्तै भएको छ । अहिलेसम्म सार्वजनिक नभएको प्रतिवेदनमा सुधनलाई पूर्ण रूपमा निर्दोष ठहर गरिएको बताइएको छ । सुधनमाथि पहिलो आरोप दीपक



भट्टसँग साझेदारी गरेको भन्ने थियो। तर, कुनै कम्पनीको सेयर खरिद गर्नु साझेदारी होइन भन्दै समितिले क्लिनचिट दिएको छ ।

दोस्रो, सुधनले धनकुटा र चितवनमा किनेका जग्गा उच्च मूल्यांकनमा किनेको देखिएको छ । तर, उनले तोकिएकोभन्दा कम मूल्यमा किनेको दाबी गरेका छन् । यो समस्यालाई समेत समितिले व्यक्तिको नभई 'राज्यको प्रणाली'को दोष भन्ने निष्कर्ष निकालेको छ ।

अर्कोतिर, ऋण लिएर कम्पनीका सेयर खरिद गरेको बताएका छन्, तर सम्पत्ति विवरणमा उनको कुनै पनि ऋण देखिँदैन । यो हिसाबले उनले झुटो सम्पत्ति विवरण बुझाएको भन्ने आरोप थियो । तर, यसलाई समेत समितिले सामान्य मानवीय त्रुटिका रूपमा व्याख्या गरेको छ । यसका आधारमा पनि कुनै कारबाही गर्नु नपर्ने समितिको निष्कर्ष छ ।

सामान्यतया कुनै पनि कानुनको पालना नगर्नुलाई राज्यले क्षम्य मान्दैन तर, पूर्वन्यायाधीशको नेतृत्वमा बनेको समितिले नै गुरूङले गरेका दुई कार्यलाई प्रणालीको कमजोरी भन्दै क्लिनचिट दिने काम गरेको देखिन्छ। यसले सरकारले बनाउने समितिहरु फेरि 'वासिङ मेसिन' बन्छन् भन्ने पुनर्पुष्टि मात्रै भएको छैन, बरू यसैको आधारमा सुधनलाई फेरि नियुक्ति गर्ने कार्यले सुशासनको जगमा बनेको सरकार समेत त्यही बाटोमा उद्दत भएको प्रमाणित गराएको छ ।

**नजिर २: बिचौलियासँग साँठगाँठ र सरकारले गुमाएको नैतिक आधार**

सुदन गुरूङमाथि लागेको अर्को गम्भीर आरोप भनेको विवादास्पद पृष्ठभूमिका व्यापारी तथा बिचौलिया भट्टसँग भएको साझेदारी हो, तर समितिको निष्कर्ष हेर्ने हो भने यसलाई साझेदारी भन्न मिल्दैन । समितिको यो निष्कर्ष र सरकारको यो कदमले आगामी दिनमा भट्टसँग जोडिएका अन्य व्यक्तिहरूलाई कारबाही गर्ने नैतिक आधार सरकारले गुमाएको छ । अहिले भट्टसँग नाम जोडिएका दर्जनौं व्यक्तिहरूको नाम बाहिरिएको छ । यसमा कतिपय राष्ट्रसेवक कर्मचारी छन् भने कतिपय व्यवसायी र सञ्चारमाध्यममा आबद्ध व्यक्तिहरु समेत जोडिएका छन् ।

यसअघि यही निहुँमा कतिपय कर्मचारीको सरूवा गरेर जिम्मेवारीविहीन बनाउने कामसमेत गरिएको थियो । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका तत्कालीन महानिर्देशक गजेन्द्र ठाकुरदेखि अर्थ मन्त्रालयका कतिपय कर्मचारीहरूलाई समेत यही आरोपमा सरूवा गरिएको थियो । तर, गुरूङलाई चोख्याउँदा ती कर्मचारीमाथि गरिएको कारबाहीमा समेत गलत भएको प्रमाणित हुन जाने देखिन्छ ।

**नजिर ३: अकुत सम्पत्ति र कर छलीलाई वैधानिकता: सम्पत्ति छानबिनको औचित्यमाथि प्रहार**

यो प्रकरणले स्थापित गरेको तेस्रो र सबैभन्दा डरलाग्दो नजिर भनेको कर प्रणाली र सम्पत्ति शुद्धीकरणको मान्यतामाथिको प्रहार हो । गुरूङले अहिलेसम्म एक रूपैयाँ पनि कर नतिरेको भन्दै उनको स्थायी लेखा नम्बरको विवरणसमेत सार्वजनिक भएका छन् ।

एउटा सार्वजनिक पद धारण गरेको व्यक्ति मात्रै होइन, हरेक व्यक्तिले कमाएको सम्पत्तिको वैधानिकता देखाउने जिम्मेवारी सोही व्यक्तिको हुन्छ । तर, यहाँ मूल्यांकनभन्दा कममा घरजग्गा किन्ने, कर नै नतिरी सम्पत्ति आर्जन गरेको कामलाई समेत वैधानिकता दिएको देखिन्छ । यो प्रकरणले आगामी दिनमा जोकोहीलाई पनि यस्तो देखाएर उम्किने बाटो खुला गरेको देखिन्छ ।

**नजिर ४: सम्पत्ति विवरण लुकाउने कार्यलाई 'सामान्य त्रुटि' मान्ने प्रवृत्ति**

नेपालको कानुनअनुसार सार्वजनिक पद धारण गरेको हरेक व्यक्तिले आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्ति तथा ऋणको यथार्थ विवरण तोकिएको समयभित्र बुझाउनुपर्छ । यो भ्रष्टाचार नियन्त्रण र पारदर्शिताको पहिलो सर्त हो ।

तर, गुरूङको सन्दर्भमा उनले आफ्नो सम्पत्ति विवरणमा ऋण उल्लेख नगर्ने र कतिपय सम्पत्तिको विवरणसमेत लुकाएको तथ्य बाहिर आएको थियो । आश्चर्यको कुरा त के छ भने, राज्यको छानबिन समितिले कानुनको यो ठाडो उल्लंघनलाई 'सामान्य प्राविधिक त्रुटि' मानेर नजरअन्दाज गरिदियो । यो गलत नजिरले नेपालको निजामती प्रशासन र सिंगो सार्वजनिक सेवामा धारण गर्ने सेवामा जवाफदेहीविहीन अवस्थालाई मलजल गरेको छ । रातोपाटीबाट

## facebook twitter



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

माओवादीको सरकारमा महरालाई, एमालेको सरकारमा बस्नेतलाई र बालेन्द्रको सरकारमा गुरूङ जस्तालाई कार्वाही होइन, पुरस्कृत मात्र गरिन्छ। किनकि उनीहरूको नाममा हुने बितण्डा स्वयं प्रमकै बितन्डाको कार्यान्वयन मात्र हो।

यो मुलुक कहिल्यै पनि बिधि विधानमा चलेको होइन। भ्रष्ट कम्युनिष्टजस्तै 'भष्मे समुह' पनि त्यसको अपवाद होइन।



**Narayan Amrit**
x.com/amritna

नयाँ मन्त्री महावीर पुनले 'म पासोमा परेको हो' भन्दै फेब्रिकेटेड स्टेटमेन्ट दिन भएन क्या। 'मैले जिम्मेवारी लिएको हो, प्रधानमन्त्रीले पनि विश्वास गरेको हो र म यो जिम्मेवारीलाई विवेकसम्मत तरिकाले निर्वाह गर्छु' भन्ने प्रतिवद्धतामा देखिनु परो क्या। मन्त्री हुनु भनेको पासोमा पर्नु होइन, जनप्रतिनिधी भएर जनताको जिम्मेवारी काँधमा लिनु हो। कि नबोलौं, बोले सही र जिम्मेवारीको कुरा गरौं।



**narayan wagle**
x.com/narayanwagle


"एभरेस्ट होटेलअगाडि २०/२५ हजार भिड जम्मा भएपछि 'हामी नेपाल'का सुधन गुरूङले भिडको नेतृत्व गरे। त्यसपछि प्रदर्शनकारीहरु आक्रोशित भई सुरक्षा ब्यारिकेड तोडी निषेधित क्षेत्र प्रवेश गर्न खोजेपछि सुरक्षाकर्मीसँग मुठभेड, झडप भइ हुलदंगामा परिणत भएको देखिन्छ ।"
- राष्ट्रिय मानवअधिकार आयोग

# तनहुँमा मगर भाषा पठनपाठन गरिंदै

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

तनहुँका १० वटै पालिकामा मगर भाषाको पठनपाठन गरिने भएको छ । मगर भाषा, लिपि, संस्कृति तथा पहिचानको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण तथा शिक्षक प्रशिक्षण गरिएको छ ।

नेपाल मगर संघ तनहुँका अध्यक्ष हर्कबहादुर थापा मगरले जिल्लाका १० वटै पालिकाको




सहभागितामा जिल्लास्तरीय प्राज्ञिक परिषद् गठन गरी मगर भाषाको स्थानीय पाठ्यक्रम तयार गरिएको बताए ।

उनका अनुसार पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक शिक्षकलाई प्रशिक्षणसमेत प्रदान गरिसकिएकाले आगामी दिनमा पालिकासँग समन्वय गरेर विद्यालयमा पठनपाठन विस्तार गरिनेछ । अध्यक्ष मगरले भने, "मातृभाषा शिक्षाले समुदायको भाषा, संस्कृति, इतिहास र मौलिक पहिचान जोगाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ । स्थानीय सरकारको सहयोगमा जिल्लाभर अभियानका रूपमा कार्यक्रम सञ्चालन गर्ने तयारीमा छौं ।"

संघका भाषिक उपाध्यक्ष हर्क आलेले भाषा बाँचे मात्र जातिको अस्तित्व रहने भएकाले विद्यालय तहदेखि नै यसको कार्यान्वयनमा जोड दिनुपर्ने बताए । संघका गण्डकी प्रदेश सचिव नन्दु थापा मगरले मातृभाषा शिक्षाका लागि प्रदेशस्तरबाट पनि आवश्यक नीतिगत पैरवी भइरहेको बताए।

मगर भाषा र संस्कृतिका विज्ञ यमबहादुर आलेले भाषिक शुद्धता र मौलिक लिपिको संरक्षणमा विशेष ध्यान दिनुपर्ने सुझाव दिए।

व्यास नगरपालिका-१४ स्थित केशवटार माध्यमिक विद्यालयमा दुई वर्षअघि कक्षा १ बाट सुरू गरिएको मगर भाषाको पठनपाठन हाल कक्षा ३ सम्म विस्तार भइसकेको छ । उक्त अभ्यासलाई जिल्लाका अन्य विद्यालयमा विस्तार गर्ने लक्ष्यका साथ पाठ्यक्रम निर्माण र शिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको संघले जनाएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार तनहुँमा मगर समुदायको जनसंख्या ८३ हजार ६१३ रहेको छ ।

bhanjyangnews.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४